बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०८/११

चालु आ.व.२०८३/०८४ मा यस कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत 'स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम' सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" बमोजिम तपसिलमा उल्लेख गरिए अनुसारको कागजातहरु सहित बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी योजना र कार्यविधिको अनुसूची-२ को ढाँचामा आवेदन यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र(२०८३/०८/२५ गतेसम्म) यस कार्यालयमा पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका सामुदायिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

कार्यक्रम	प्रस्ताव पेश गर्ने विद्यालयले पुरा गर्नुपर्ने शर्तहरु
स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम	१. प्रारम्भिक बाल विकास केन्द्रको उमेर समुहका कम्तिमा २० जनासम्म बालबालिका भर्ना भई अध्ययन गरिरहेको, २. राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ ले निर्धारण गरे अनुरुप न्यूनतम सुविधा भएको छुट्टै भवन वा कक्षाकोठा भएको, ३. राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ ले निर्धारण गरेका क्षेत्रहरुमध्ये अनुसूची-१ मा उल्लेखित क्षेत्रहरुमा खर्च गर्न लागत साझेदारी गर्न सक्ने रकम उल्लेख भएको स्थानीय तहले गरेको प्रतिवद्धता सहितको सिफारिस पत्र, ४. सहकार्यका लागि कार्यालयबाट उपलब्ध हुने अनुदान रकमबाट ल्यापटप, सिसिटिभि खरिद गर्न तथा शैक्षिक भ्रमण खर्च, बैठक भत्ता, खाना तथा खाजा र जग्गा खरिद शीर्षकमा खर्च गर्न पाइने छैन। ५. प्रदेश सरकारबाट विगत आर्थिक वर्षमा यो कार्यक्रम परेका विद्यालयले अवेदन दिन पाइनेछैन ।
	प्रस्ताव सहित पेश गर्नुपर्ने कागजातहरु: १. प्रस्तावित बजेटको कार्यान्वयन योजना, २. राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ ले निर्धारण गरेका क्षेत्रहरुमध्ये स्थानीय तह र यस कार्यालयसँग सहकार्य गर्ने गरी सम्बन्धित स्थानीय तहले गरेको लागत साझेदारी रकम उल्लेख भएको प्रतिवद्धतासहित सिफारिस पत्र, ३. बालविकास केन्द्रमा भर्ना भई अध्ययनरत बालबालिकाहरुको IEMIS अनुसारको नामनामेसी विवरण(स्थानीय तहबाट प्रमाणित प्रति), ४. बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको गठन मिति खुलेको स्थानीय तहको प्रमाणित पत्र, ५. बालविकास केन्द्रको हालसम्मको अवस्थाको विषयमा बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपि, ६. हाल कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र र तालिम प्राप्त प्रमाण पत्र, ७. हाल कार्यरत आयाको नियुक्ति पत्र, ८. बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रमको लागि हालसम्म कुनै पनि निकायबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ९. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि, १०.बालविकास केन्द्रको स्थिति झल्कने तस्बिरहरु।
स्पष्टिकरणः म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।	

पुनश्चः सम्बिन्धत कार्यविधि, अनुसुची फारम लगायत यस सूचनाको विस्तृत जानकारीको लागि शिक्षा विकास निर्देशानलय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट http://edd.bagamati.gov.np/, https://mosd.bagamati.gov.np/ यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np (Social Development Office Kavre) मा हेर्न सकिनेछ। साथै थप जानकारीको लागि ९८५१२२९३२६ वा ९८४७१२३३८१ मा सम्पर्क गर्न सकिनेछ।

लोक बहादुर वाइबा
कार्यालय प्रमुख